आज मिति २०८३ जेष्ठ २७ गते दिउसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको १०३ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठककक्षमा तपशिल वमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
श्री विनेश पुलामी वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री ईश्वर बहादुर पोखेल, का.वा.वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जय बहादुर नेपाली, अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा वस्याल, कार्यपालिका सदस्य
श्री हरि बहादुर खत्री, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारीहरु :

श्री मान बहादुर ठाडा, लेखा अधिकृत
श्री सरिता हमाल, सूचना प्रविधी अधिकृत
श्री कुल बहादुर खड्का, प्रशासकीय अधिकृत
श्री कृष्ण बहादुर शाही, सहयोगी

CamScanner

| क्र.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १ | आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा । |
| २ | आर्थीक विधेयक २०८३ सम्बन्धमा । |
| ३ | विनियोजन विधेयक २०८३ सम्बन्धमा । |
| ४ | आ.व.२०८३।०८४ को योजना, कार्यक्रम तथा बजेट सम्बन्धमा । |
| ५ | उपप्रमुख ज्यूको बैदेशिक भ्रमण सम्बन्धमा । |
| ६ | विविध सम्बन्धमा । |

**मितिः २०८३।०२।२७ गतेको भेरीगंगा नगरकार्यपालिका बैठकमा भएका निर्णयहरु:**

**प्रस्ताव नं.. १ : आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. १ :** यस भेरीगंगा नगरपालिकाको आ.व. २०८३/०८४ सालका लागि प्रशताबित नीति तथा कार्यक्रमको दफावार छलफल गरियो साथै उक्त नीति तथा कार्यक्रम संसोधन सहित सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं.. २ : आर्थिक विधेयक २०८३ सम्बन्धमा ।**

**निर्णय नं.. २ :** यस भेरीगंगा नगरपालिकाको आ.व. २०८३/०८४ सालका लागि प्रशताबित आर्थीक विधेयक २०८३ तथा करका दरहरुको दफावार छलफल गरियो साथै उक्त विधेयक तथा करका दरहरु सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ३ : विनियोजन विधेयक २०८३ सम्बन्धमा ।**

**निर्णय नं. ३ :** यस भेरीगंगा नगरपालिकाको आ.व. २०८३/०८४ सालका लागि प्रशताबित विनियोजन विधेयक २०८३ को दफावार छलफल गरियो साथै उक्त विधेयक सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ४ : योजना, कार्यक्रम तथा बजेट सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस भेरीगंगा नगरपालिकाको आगामी आ.व. २०८३/०८४ सालका लागि प्रशताबित योजना, कार्यक्रम तथा बजेट सम्वन्धमा ब्यापक छलफल गरियो साथै तपसिलबमोजिम हुनेगरी सर्वसम्मतिले पारित गरियो।

<u>तपसिल</u>

भेरीगंगा नगरपालिका छिन्चु, सुर्खेत

आ.व. २०८३/०८४ का लागि आन्तरिक राजश्व अनुमान

| क्र.सं. | राजश्व संकेत नम्बर | विवरण | आव २०८१।०८२ को आय अनुमान रु. | आव २०८१।०८२ को यथार्थ रु. | आव २०८२।०८३ को आय अनुमान रु. | आव २०८२।०८३ बैशाखसम्मको कुल आय रु. | आव २०८३।०८४ को प्रस्तावित आय अनुमान रु. |
|---|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | २७५००००।०० | २१६४०८६।५० | ३०२५०००।०० | १६५५१८९।२० | ३०२९७२१।१० |
| २ | ११३१४ | भुमिकर/मालपोत | १२१०००।०० | १६२४५८।५० | १३३१००।०० | ८२०५३।०० | १८६३४०।०० |
| ३ | ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | ६६००००००।०० | ६७००२०६।६० | ७२६००००।०० | ५८८३३८५।२० | ७९८६०००।०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ११३२१ | बहाल कर | २२००००००।०० | १६१११९८।६७ | २४२००००।०० | ८७०८३०।६३ | ३०२५०००।०० |
| ५ | ११४७२ | विज्ञापन कर | १३७५००।०० | ३०५०००।०० | ३३५५००।०० | ३३५५००।०० | ३६९०५०।०० |
| ६ | ११४७३ | मनोरन्जन कर | ५५०००।०० | १२४०००।०० | १५००००।०० | ६८०००।०० | १६५०००।०० |
| ७ | १४२५३ | व्यबसाय रजिष्टेशन तथा नवकिरण दस्तुर | १४३००००।०० | २८७०७९।०० | ०।०० | २०३०६०।०० | ३०५०००।०० |
| ८ | १४६११ | व्यबसाय कर | ०।०० | ६७६३९१।०० | १५७३०००।०० | ३१७७२६।०० | १८८७६००।०० |
| ९ | १४१७२ | दहत्तर बहत्तर शुल्क | ११५०००००।०० | १७९३००६५।०० | १४२५६८४२।०० | २७१७९९५।०० | १८५३३८९४।६० |
| १० | ११६९० | अन्य कर | २८६०००।०० | १५७६६०।०० | ३१४६००।०० | २१९७८०।०० | ३६१७९०।०० |
| ११ | १४१५१ | सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | ११०००००।०० | ४१६६२६।०० | १००००००।०० | ३१८३००।०० | १८०००००।०० |
| १२ | ११४५१ | साना सवारी कर | १०००००।०० | ४०००।०० | ५००००।०० | ३१००।०० | ६५०००।०० |
| १३ | ११३२२ | बहाल बिटौरी शुल्क | ३०००००।०० | ८४६१५।०० | ३३००००।०० | ६९७५९।०० | ३७९५००।०० |
| १४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४४००००।०० | ३२२३५०।०० | ४८४०००।०० | ३२२३१०।०० | ५८०८००।०० |
| १५ | १४२४२ | नक्सापास दस्तुर | ३३०००००।०० | ११९७५४६।०० | १०५००००।०० | ६३८३६०।०० | १२०७५००।०० |
| १६ | १४२४३ | सिफारिस दस्तुर | ३८०००००।०० | ३२४९३०८।०० | ४१८००००।०० | २३५०३४३।५० | ४८०७०००।०० |
| १७ | १४२४४ | व्यक्तिगत घटना दस्तुर | ७१००००।०० | ६०२६३०।०० | ७८१०००।०० | ५९९८०५।०० | ८९८१५०।०० |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | २२००००।०० | ८६९३२।०० | २०००००।०० | ७४६७०।०० | २३००००।०० |
| १९ | १४२४१ | वन रोयल्टी | ११००००।०० | २६००।०० | ३५००००।०० | ०।०० | ३८५०००।०० |
| २० | १४२४६ | अन्य दस्तुर/राजश्व | १६५००००।०० | १९७३१३३।०० | १८१५०००।०० | ७६८३८०।६८ | २०८७२५०।०० |
| २१ | १४२५३ | प्रशासनिक दण्डजरीवाना तथा जफत | ०।०० | २४१९५२५।०० | ८०००००।०० | ३००००।०० | ९२००००।०० |
| २२ | १५१११ | बेरुजु | १४०४७२०१।०० | २५८८१।०० | ७५०००००।०० | १७४१२७।०० | ३५०००००।०० |
| २३ | | कवाडी कर | ०।०० | ०।०० | २००००००।०० | ४५२०००।०० | ६४००००।०० |
| | | जम्मा रु. | ४७८८६७०१।०० | ४०५०३२९१।२७ | ४८२०८०४२।०० | १८१५४६७४।२१ | ५३३४९५९५।७० |

*भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत*

*आ.व. २०८३।०८४ को बजेट प्राप्तीको अनुमानित आय बिबरण :*

| मुख्य शीर्षक | आ.ब. २०८२।०८३ को बजेट अनुमान रु. | आ.ब. २०८३।०८४ को बजेट अनुमान रु. |
|---|---|---|
| आयतर्फ : | | |
| आन्तरिक राजश्वबाट प्राप्त : | | |
| (क) आन्तरिक राजश्व नगरपालिकातर्फ | ४८२०८०४२ | ५३३४९५९५ |
| (ख) आन्तरिक आम्दानी बिबिध (अ.ल्या.) | ३५१५१७५४ | |
| जम्मा रु : | १३५२५६३९९ | ५३३४९५९५ |
| राजश्व बाँडफाँडबाट प्राप्त आय : | | |
| (क) संघीय सरकार | १५२९९१९४० | १५८८३०००० |
| (ख) प्रदेश सरकार (सवारी साधन कर) | २५५५६८५ | २३८४११४.६० |
| जम्मा रु : | १५५५४७६२५ | १६१२१४११४.६० |
| अन्तरसरकारी बितिय हस्तान्तरणबाट प्राप्त आय | | |
| (क) संघीय सरकारबाट प्राप्त | १३२१००००० | १३४७००००० |
| (ख) प्रदेश सरकारबाट प्राप्त | १७३७६००० | १८३९७००० |
| जम्मा रु : | १४९४७६००० | १५३०९७००० |
| अन्य शीर्षकबाट प्राप्त आय : | | |
| सशर्त अनुदान (संघीय) | ३६०२००००० | |
| सशर्त अनुदान (प्रदेश) | ३१७८४००० | |
| समपुरक अनुदान (संघीय) | ६७००००० | |
| समपुरक अनुदान (प्रदेश) | ९२६०००० | |
| विशेष अनुदान (संघीय) | १६२००००० | |
| विशेष अनुदान (प्रदेश) | ६०००००० | |
| अन्य आय : (विभिन्न ठेक्काबाट बचत र राजश्व वृद्धिबाट) | ५४२४६६०३ | ६९६५३२९०.४ |
| जम्मा रु : | ४३०१४४००० | ६९६५३२९०.४ |
| कुल जम्मा रु : | ८७२७७४०२४ | ४३७३१४००० |

## भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत

### आ.ब. २०८३।०८४ का लागि मुख्य शीर्षक र अनुमानित बजेट विनियोजन

| क्र.सं. | शीर्षक | बजेट रकम रु. |
|---|---|---|
| १ | भेरीगंगा नगरपालिका चालु खर्च | १५००००००० |
| २ | नगरपालिका स्तरीय कार्यक्रम तथा योजना | २५५००००० |
| ३ | विषयगत समिति | ५५०००००० |
| ४ | वडागत बजेट | ११५०००००० |
| ५ | समपुरक कोष | ५००३४००० |
| ६ | कार्यपालिका योजना | ४०००००० |
| ७ | लक्षित वर्ग शसक्तिकरण कार्यक्रम | २०००००० |
| ८ | भूमि व्यवस्थापन | २९५२८२२ |

| | | |
|---|---|---|
| ९ | नगर विकास कोषको सावाँ ब्याज भुक्तानी | ४२००००० |
| १० | प्रदेश वित्तिय कोषमा जम्मा गर्नुपर्ने | ७६२७१७८ |
| ११ | उपप्रमुख स्वरोजगार कार्यक्रम | २५००००० |
| १२ | गरिवसंग नगर प्रमुख कार्यक्रम | २०००००० |
| १३ | बिबिध खर्च (चालु, पुँजिगत) | १५००००० |
| १४ | फोहरमैला प्रशोधन केन्द्र | १००००००० |
| १५ | डुमकोट दलित संग्रहालय | ५०००००० |
| १६ | भुक्तानी दिन बाँकी दायित्व | ० |
| | कुल जम्मा रु. | ४३७३१४००० |

<u>समितितर्फको बजेट</u>

| क्र.सं. | विषयगत समिति | बजेट रकम रु. |
|---|---|---|
| १ | आर्थिक विकास समिति | ६०००००० |
| २ | सामाजिक विकास समिति | ४३३००००० |
| ३ | पूर्वाधार विकास समिति | ३०००००० |
| ४ | वातावरण तथा विपद व्यवस्थापन समिति | १५००००० |
| ५ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | १०००००० |
| ६ | विधेयक समिति | २००००० |
| | जम्मा रु. | ५५०००००० |

**वडागत बजेट**

| क्र.सं. | वडा नं. | बजेट रकम रु. |
|---|---|---|
| १ | १ | ८४४७६८४ |
| २ | २ | ९२५६२२२ |
| ३ | ३ | ८१०२८०० |
| ४ | ४ | ९३६६१९१ |
| ५ | ५ | ९०७५७२८ |
| ६ | ६ | ८७४९०८९ |
| ७ | ७ | ७३०१६१० |

| | | |
|---|---|---|
| ८ | ८ | ८५७२९४५ |
| ९ | ९ | ८८९१८९६ |
| १० | १० | ९७०१९५७ |
| ११ | ११ | ९२२७१५१ |
| १२ | १२ | ९१३८८६२ |
| १३ | १३ | ९१६७८६५ |
| | जम्मा रु. | ११५००००००० |

**प्रस्ताव नं. ५ : उपप्रमुखज्यूको वैदेशिक भ्रमण सम्बन्धमा ।**

**निर्णय नं. ५** :यस भेरीगंगा नगरपालिकामा आ.व.२०८२/०८३ का लागि द स्टोरी किचेनले Coady Institute को सहकार्यमा बहुउदेश्यीय परियोजना समान आवाज कार्यक्रम सन्चालन गरिरहेकोले उक्त परियोजना अन्तर्गत Coady Institute क्यानडाले समुदाय तहमा सिमान्तकृत समुदायहरुको सहभागिता नेतृत्व तथा आवाजलाइ शसक्त बनाउने उदेश्यले Feminist Advocacy for Equal Voice विषयक ५ दिने अन्तर्राष्ट्रिय कार्यशाला यही मिति २०८३ असार ८ गते देखि १२ गतेसम्म (२०२६ जुन २२ देखि २६ सम्म) CCDB (Christian Commission for Development in Bangladesh) Climate Centre, Gazipur - Bangladesh हुने कार्यशालामा सहभागी हुनका लागि भेरीगंगा नगरपालिकाको तर्फबाट नगर उपप्रमुख श्री धनसरा बोहरालाइ अनुमती प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**प्रस्ताव नं. ५ : विविध सम्बन्धमा ।**

**निर्णय नं. ५ (क) :** यस भेरीगंगा नगरपालिकाको नगरसभाको १९औं अधिवेशन यही २०८३ साल असार ३ गते विहान ११ बजे तपसिल अनुसारका एजेन्डाहरु रहने गरी नगरसभा हलमा बस्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>तपसिल</u>

१ आव २०८३।०८४ को नीति तथा कार्यक्रम पारित गर्ने सम्वन्धमा ।

२ आर्थीक ऐन २०८३ पारित गर्ने सम्वन्धमा ।

३ विनियोजन ऐन २०८३ पारित गर्ने सम्वन्धमा ।

४ आव २०८३।०८४ का लागि योजना कार्यक्रम तथा बजेट पारित गर्ने सम्वन्धमा ।

५ विभिन्न समितिका प्रतिवेदन सम्बन्धमा ।

६ विविध सम्वन्धमा ।

**निर्णय नं. ५ (ख) :** यस भेरीगंगा नगरपालिकाको आगामी आ.व. २०८३।०८४ को घाटा बजेटको सम्वन्धमा नगरपालिका, शाखा, वडा लगायतका ठेक्का तथा उपभोक्ता समितिबाट बचत रकम र राजस्व वृद्धि गरी पूर्ति गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

CamScanner

निर्णय नं. ५ (ग) : यस भेरीगंगा नगरपालिका क्षेत्रको फोहरमैला व्यबस्थापन गर्न भेरीगंगा नगरपालिका वडा नं. १२ को रामजानकी सामुदायिक वन क्षेत्रको भिगेनारा नजिक फोहरमैला प्रशोधन केन्द्र निर्माण गरी व्यबस्थापन गरिदै आएकोमा प्रभाबित क्षेत्रका बासिन्दाले अवरोध गर्दै आएकोमा नगरपालिका र प्रभाबित क्षेत्रका बासिन्दाहरु वीच २०८३।१।४ गते सम्पन्न भएको ६ बुँदाको सम्झौता अनुमोदन गर्ने र सोही अनुसार सम्झौता कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. ५ (घ) : यस भेरीगंगा नगरपालिकाको नगर अस्पतालको जग्गा खरिद प्रक्रियाको सम्बन्धमा सबै कानूनी प्रक्रिया पुगेकोले कानूनबमोजिम जग्गा खरिद गर्ने र रकम भुक्तानी दिने निर्णय गरियो साथै खरिद कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अक्तीयारी दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. ५ (ङ) : यस भेरीगंगा नगरपालिकाको एम्बुलेन्स सन्चालन निर्देशिका २०७७ को दफा ४ को (घ) संसोधन गर्ने र फोहरमैला प्रशोधन केन्द्रबाट प्रत्यक्ष प्रभावित बासिन्दाहरुलाई एम्बुलेन्स प्रयोग गरेमा लाग्ने शुल्कमा २५ प्रतिशत शुल्क छुट दिने भनी थप गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

CS CamScanner